# ज्वालामूखी गाउँपालिकाको

## आर्थिक बर्ष २०७९/२०८० को पुरक बजेट वक्तव्य

यस ज्वालामूखी गाउँपालिका गाउँसभाको दशौं (हिउँदे अधिवेशन) का श्रद्धेय अध्यक्ष ज्यू, उपस्थित प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु भएका सबै पेशा, वर्ग, सेवा र समुहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम त म ज्वालामुखि गाउँपालिकाको जन निर्वाचित उपाध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

**सभाध्यक्ष महोदय,**

यस आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न नवौ गाउँसभाबाट रु ५५ करोड ८८ लाख ६३ हजार ५ सय बजेट विनियोजन गरिएको थियो।

कुल विनियोजन मध्ये आन्तरिक आम्दानी, राजश्व बाँडफाँड र वित्तिय समानिकरणबाट प्राप्त अनुदान बाट रु. ९ करोड ९८ लाख जुन कुल बजेटको १७.८५ प्रतिशत हुन्छ उक्त रकम चालु खर्च तर्फ, बाँकी रु. ४५ करोड ९० लाख ६३ हजार ५ सय जुन कुल बजेटको ८२.१५ प्रतिशत हुन्छ , उक्त रकम सशर्त कार्यक्रम तथा पूँजीगत खर्च अन्तर्गत खर्च हुने अनुमान गरिएको थियो।

चालु आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक आम्दानी बाट रु. २ करोड २० लाख ४२ हजार ५ सय, संघ तथा प्रदेशको राजस्व बाँडफाँडबाट प्राप्त हुने रु.१० करोड ५२ लाख ५८ हजार , त्यसै गरी संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट रु. १४ करोड ६३ लाख र सर्शत अनुदानबाट रु. २० करोड ८२ लाख, प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट रु. १ करोड ४२ लाख २० हजार, सर्शत अनुदानबाट रु. २ करोड ५८ लाख ६८ हजार, र समपुरक अनुदान बाट रु २ करोड ९९ लाख ७५ हजार हुने अनुमान गरिएको थियो।

**सभाध्यक्ष महोदय,**

अब म यस ज्वालामूखी गाउँपालिकामा आ.व २०७९।०८० मा विनियोजन गरिएको बजेट बाट बाँकि रहेको रु १ करोड ९१ लाख लाइ गाउँपालिका साथै सातवटै वडामा चालु तथा पुजींगत खर्चको लागि विनियोजन गरेको छु ।

कार्यालय व्यवस्थापन तर्फ मतदाता शिक्षा, राष्ट्रिय परिचयपत्र वितरण साथै गाउँपालिकाको एकिकृत डिजिटल प्रोफाईल निर्माण कार्यको लागि रु. २३ लाख ६० हजार, पर्यटन प्रवर्धनको लागि जलमूखी महोत्सव साथै मैदीकोट मेलाका लागि रु. १४ लाख, सामाजिक दायित्व वहन गर्नको लागि निलकण्ठ क्याम्पस साथै ओम शान्ती भवन निर्माणको लागि रु. ७ लाख, असाह्य तथा आर्थिक रुपले विपन्न परिवारहरुलाई आर्थिक सहयोगको लागि आर्थिक सहायता कोष संचालानार्थ रु. ५ लाख, ज्वालामूखी कृषि प्रवर्धन परियोजनाको लागि समपुरक वजेट (३० प्रतिशत) रु. ६० लाखमा गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्षले विनियोजन गर्ने वजेटवाट बराबर हुनेगरि विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

यसैगरी मजुवा खानेपानी संचालानार्थ रु. २ लाख, मजुवा बुढीगण्डकी झोलुङ्गे पुल निर्माणको लागि रु. १ लाख, धारापानी कामीगाउँ खानेपानीको लागि रु. १ लाख, देउराली स्वास्थ्य विन्दुमा सुत्केरी कोठा निर्माणको लागि रु. १ लाख, धारापानी सामुदायिक भवन निर्माण लागि रु. ५० हजार, ज्वालामूखी वडा नं. ७ भित्रका मुख्य सडक मर्मतका लागि रु. ५ लाख, रानागाउँ पाठक धारा ट्याङ्की निर्माणका लागि रु. ३ लाख, सडक बोर्ड नेपालवाट विनियोजित रकममा गाउँपालिकाको तर्फवाट समपुरक वजेट अन्तर्गत रु. ५ लाख, साधभञ्ज्याङ ढोला मैदी पिपलटार सडक मर्मतको लागि रु. १३ लाख १० हजार र गाउँपालिका उपाध्यक्षले विभिन्न योजनामा विनियोजन गर्ने गरि रु. ५० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

हाल सम्म कुनै पनि निकायबाट पुरक (समपुरक, विशेष अनुदान,निर्वाचन क्षेत्र विकास कार्यक्रम, पुर्वाधार विकास कार्यक्रम अन्तर्गत) बजेट उपलब्ध नभएकोमा यस उपरान्त कुनै स्रोत बाट बजेट प्राप्त भएमा गाउँकार्यपालिकाको बैठकको निर्णय तथा यसै सभा अनुसार हुने व्यहोरा जानाकारी गराउँदछु ।

**धन्यवाद !!!**

**धर्म बहादुर अर्याल**

**उपाध्यक्ष ज्वालामुखी गाउँपालिका**

**जय ज्वालामुखी !!!**